# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, ..., प्रदेश, नेपाल ।

च.नं. : ६६
प.सं. :०७७/०७८

**सेवा करार लिने सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०७७/०४/२०

यस गाउँपालिकाको लागि देहायका पद र संख्यामा स्थायी कर्मचारी आएको अवस्थामा करार सेवा समाप्त हुने गरी साथै विज्ञापन अवधि भित्र स्थायी कर्मचारी आएमा स्वत: पद संख्या घट्ने गरी साथै मिति २०७६/११/२९ मा गरिएको विज्ञापनको समयावधि भित्र विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) को कारण पदपूर्ति गर्न नसकिएकोले सो विज्ञापन भएका पदहरुमा केही पदमा संख्या थप गरी सो विज्ञापनमा दरखास्त दिएका उम्मेदवारहरुको दरखास्तलाई यसै विज्ञापन बमोजिम प्राप्त भएको मानी पुन: विज्ञापन गर्ने गाउँ कार्यपालिकाको मिति २०७७/०४/०७ को निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत रही कामकाज गर्ने गरी देहायका कर्मचारी सेवा करारमा (पछि फिर्ता नहुने गरी) भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचनाको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.rurumun.gov.np बाट उपलब्ध हुनेछ ।

माग गरिएको पदको विवरण

| विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| ०१/२०७७/०७८ | ल्याब असिस्टेन्ट | सहायक चौथों | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट S.L.C./S.E.E. उत्तीर्ण गरी ल्याब असिस्टेन्ट कोर्ष पुरा गरी सम्बन्धित परिषद्मा दर्ता भएको । | रु. ५००/- |
| ०२/२०७७/०७८ | ना.प्रा.स. (कृषि) | सहायक चौथों | ३ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट T.S.L.C. (कृषि) उत्तीर्ण गरेको वा S.L.C./S.E.E. उत्तीर्ण गरी कम्तिमा १८ महिनाको J.T.A. कोर्ष पुरा गरेको । | रु. ५००/- |
| ०३/२०७७/०७८ | ना.प्रा.स. (पशु) | सहायक चौथों | १जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट T.S.L.C. (पशु) उत्तीर्ण गरेको वा S.L.C./S.E.E. उत्तीर्ण गरी कम्तिमा १८ महिनाको J.T.A. कोर्ष पुरा गरेको । | रु. ५००/- |
| ०४/२०७७/०७८ | कार्यालय सहयोगी | | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको । | रु. ३००/- |

शर्तहरु:

१. परिक्षाको किसिम: अन्तरवार्ता ।
२. उमेर हद: १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने तर लक्षित वर्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
३. निवेदन बुझाउने स्थान: रुरुक्षेत्र गाउँपालिकाको कार्यालय, बलेटक्सार ।
४. निवेदन दिनुपर्ने अन्तिम मिति: २०७७/०५/०२ गते सम्म ।
५. निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु: शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपि, काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र दरखास्त दस्तुर बुझाएको नगदी रसीद वा यस कार्यालयको मेगा बैङ्क नेपालमा रहेको संचित खाता नं. ०४९००१००३६५४३ मा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर । (सो को पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।)
६. सम्पर्क मिति: २०७७/०५/०३ (सोही दिन अन्तर्वार्ताको मिति तोकिनेछ) ।
७. अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।
८. विज्ञापन अवधि भित्र स्थायी कर्मचारी आंशिक आएमा पद संख्या घट्ने वा पुरा संख्यामा आएमा विज्ञापन भएको पद स्वत: खारेज हुनेछ ।
९. मिति २०७६/११/२९ मा गरिएको विज्ञापनमा दरखास्त दिएका उम्मेदवारहरुको दरखास्त फारमलाई यसै विज्ञापन बमोजिम प्राप्त भएको मानिनेछ ।

**१०. काम गर्नुपर्ने स्थान:**

विज्ञापन नं. १ का लागि रुरुक्षेत्र गाउँपालिका वडा नं. १ रुरु प्राथमिक स्वास्थ्य केन्द्र ।
विज्ञापन नं. २ का लागि रुरुक्षेत्र गाउँपालिका कृषि विकास शाखा र वडा कार्यालयहरु ।
विज्ञापन नं. ३ का लागि रुरुक्षेत्र गाउँपालिका पशु विकास शाखा ।
विज्ञापन नं. ४ का लागि रुरुक्षेत्र गाउँपालिकाको कार्यालय बलेटक्सार र श्री रिडी आयुर्वेद औषधालय, रुरुक्षेत्र -१, रिडी ।

११. तलब स्केल: गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम ।
१२.थप जानकारीको लागी सम्पर्क नं. र इमेल ठेगाना: ०७९-४१०१०४, ९८४७०५९३८४ र ruralruru@gmail.com
१३. सूचनामा उल्लेखित भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको अन्तर्वार्ता तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
१४ कुनै विशेष परिस्थितिको सृजना भई अन्तरवार्ता स्थगन वा विज्ञापन रद्द गर्नुपर्ने स्थिति आइपरेमा उम्मेदवारको कुनै दाबी, उजुरी लाग्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Website:www.rurumun.gov.np Email-ruralruru@gmail.com Phone no. 079-410104